आज मिति २०८१/०९/०७ गते आइतबारका दिन यस शुद्धोधन गाउँपालिकाको आ.व. २०८१/२०८२ को **छैठौं** गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष **श्री विष्णु प्रसाद** बस्यालज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितः-**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद बस्याल | अध्यक्ष | |
| २ | श्री शान्ता देवी ज्ञवाली | उपाध्यक्ष | |
| ३ | श्री उदयराज गडेरिया पाल | वडाध्यक्ष | |
| ४ | श्री कमल खड्का क्षेत्री | वडाध्यक्ष | |
| ५ | श्री हेम बहादुर खड्का | वडाध्यक्ष | |
| ६ | श्री केशव प्रसाद अधिकारी | वडाध्यक्ष | |
| ७ | श्री चन्द्रभान चौधरी थारु | वडाध्यक्ष | |
| ८ | श्री उपेन्द्र साहनी | वडाध्यक्ष | |
| ९ | श्री भिम नारायण चौधरी | का.वा.वडाध्यक्ष | |
| १० | श्री शान्ति सुनार | कार्यपालिका सदस्य | |
| ११ | श्री पवित्रा थारु | कार्यपालिका सदस्य | पवित्रा |
| १२ | श्री गिता नेपाली | कार्यपालिका सदस्य | गीता |
| १३ | श्री रुक्मिणी थारु | कार्यपालिका सदस्य | |
| १४ | श्री राममिलन लोध | कार्यपालिका सदस्य | राममिलन |
| १५ | श्री सुरेश बहादुर सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रकान्त शर्मा | सदस्य सचिव | |
| | आमन्त्रित | | |
| १७ | इश्वरी न्यौपाने | सूचना प्रविधि अधिकृत | |
| १८ | तुलसी न्यौपाने | सहायक पाँचौं | |
| १९ | पार्वती थारु | का.स. | पार्वती |
| १९ | | | |

बैठक मिति:२०८१/०९/०७

बैठक संख्या ०६/२०८१-०८२ का प्रस्ताव तथा निर्णयहरू

प्रस्तावहरू:

प्रस्ताव नं. १ — गाउँ सभाको १७ औ अधिवेशन संचालन सम्वन्धमा ।

प्रस्ताव नं. २ — विविध सम्बन्धमा ।

निर्णयहरू

निर्णय नं. १

पूर्व कार्यपालिका निर्णयको समिक्षा गरियो ।

निर्णय नं. २

आ.व. २०८१/२०८२ को गाउँ सभाको १७ औ अधिवेशन २०८१/०९/२१ गते संचालन गर्ने निर्णय गरियो । साथै उक्त सभामा न्यायिक, विधेयक र लेखा समिति लगायत अन्य विषयगत समितिहरुको प्रतिवेदन प्रतुस्त गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस आ.व. २०८१/०८२ का लागि शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गतको शसर्त कार्यक्रमको क्रियाकलाप नं. २.७.१३.३०२ को उप क्रियाकलाप नं. १५.७ “वाल बालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानका लागि स्थानीय तह एवं विद्यालयका लागि कार्यक्रम” शीर्षकमा व्यवस्था भए बमोजिम गाउँपालिका अन्तर्गतका सबै विद्यालयमा कार्यक्रम कार्यान्वयनका लागि तालिम, कार्यक्रम व्यवस्थापन, अनुगमन आदि कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ४

यस आ.व. २०८१/०८२ का लागि शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गतको क्रियाकलाप ११.१.२.२९८६ मा “स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान” शीर्षकमा व्यवस्था गरिएको शसर्त कार्यक्रम एवं बजेट रु. ५५,०००००/- (पचपन्न लाख मात्र) बाट सामाजिक विकास समितिको सफारिस बमोजिम पुरैनी आधारभूत विधालयमा ४ कोठे भवन निर्माण गर्ने र सो को ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ५

यस शुद्धोदन गाउँपालिकामा आ.व. २०८१/०८२ मा विज्ञापन गरी आवश्यक रहेका कर्मचारी नियुक्ति गर्न संचालन गरिएका र गरिने सम्पूर्ण परीक्षाहरूको खर्च रकम आ.व. २०८१/०८२ को वार्षिक विकास योजनाको पेज नम्बर ७५ सि.नं.४९ अन्य विविध चालु खर्च/ भैपरी चालु खर्च शीर्षकबाट रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

चालु आ.व. को आर्थिक ऐनमा छुटेका राजस्वका-दरहरू सूत्र प्रणालीमा राख्नुपर्ने भएको हुँदा तपसिलका राजस्वहरूका दररेट कायम गरी आ.व. २०८१/२०८२ को १७ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

तपशिल

१. भाडा पसल ठुलो रु.५,०००/-

२. भाडा पसल मझौला पसल रु. ३,०००/-

३. भाडा पसल सानो पसल रु.१०००/-

४. प्लास्टिक भाडा पसल सानो रु, ५,००/-

५. प्लास्टिक भाडा पसल ठूलो रु. १,०००/-

६. ढुंगाको मुर्ति पसल रु.१,०००/-

७. स्केटिंग हाउस रु. १,०००/

८. गैर सरकारी संस्था दर्ता रु.१,०००/-

निर्णय नं. ७

गत आर्थिक वर्षको भुक्तानी हुन बाँकी वडा नम्बर ६ को जंगलीमाई मन्दिर बाउन्ड्री वाल गेट निर्माण तथा रंगरोगनको लागि चालु आ.व. को वजेट किताबको पेज नंम्बर ७८ को सि.नं. १३ को विविध पुंजीगत शीर्षकबाट रु. १,५०,०००/-(अक्षेरेपी एक लाख पचास हजार मात्र दिने निर्णय गरियो ।

निर्णय नं. ८

विद्यालय व्यवस्थापन समिति गठन सम्बधी कार्यविधि, २०८१ संसोधन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

शुद्धोधन गाउँपालिका वडा नम्बर २ मा कार्यरत कार्यालय सहयोगी सुनिता चौधरी र शुद्धोधन गाउँपालिका मानमटेरिया स्वास्थ्य चौकीमा कार्यरत धनिसरा रानालाई पेज नम्बर ७४ को सि.नं. २३ गाउँपालिका र वडाहरूमा कार्यरत ज्यालादारी कर्मचारीहरूको प्रारिश्रमिक शीर्षकबाट २०८१ साउनदेखि २०८१ असार मसान्तसम्मको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner